# पोखरा महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

न्यूरोड,कास्की

गण्डकी प्रदेश, नेपाल

## पोखरा महानगरपालिकाको मौलिक पहिचान झल्कने त्रि-आयामिक प्रतिक (3 D Monument) को प्रस्ताव तयारी सम्बन्धमा

### १। पृष्ठभूमि

पोखरा महानगरपालिकाका क्षेत्रफल ४६४.२४ वर्ग कि. मी. रहेको छ भने कुल जनसंख्या ४,०२,९९५ छ । महानगरपालिकाको केन्द्र साबिक पोखरा उप-महानगरपालिका कार्यालय नै रहेको छ । पोखरा महानगरपालिका, पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तामागी (३,९ ), कास्कीकोट माझठाना (वडा १,४,९ ) कालिका ( १,५ ) र पुरन्चौर गा. बि .स. मिली कुल ३३ वटा वडामा विभाजित छ । पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका पर्वत र स्याङ्जा जिल्ला रहेको छ । उत्तरी सिमानामा माछापुच्छ्रे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहु जिल्ला रहेको छ ।

विश्वका १० पर्यटकीय गन्तव्य मध्ये पोखरा प्राकृतिक सन्दौर्यताले भरिपूर्ण नगर हो । प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक र सुन्दर वातावरणका कारण पर्यटकको रोजाइको महत्वपूर्ण स्थान पोखरा बनेको छ । यहाँको वातावरण, पूर्वाधार तथा प्राकृतिक स्थलका आधारमा सरकारले प्रमुख पर्यटकीय स्थानको रुपमा पोखरालाई लिएको छ । पोखराको सोचपत्र, रणनीति, कार्ययोजना एवं आवधिक योजनालेसमुन्नत **पर्यटकीय पोखरा**को परिकल्पना गरेको छ । देशकै पर्यटकीय गतिबिधि बढाउन पोखरा एकमात्र विकल्पको रुपमा रहेको छ ।

### २ । उद्धेश्य :

सुन्दर नगरी पोखरालाई पोखरा भनी पहिचान दिने स्मारक ***"Monument" को त्रि-आयात्मीक (3 – Dimensional)*** प्रतिकको प्रस्ताव पेश गर्ने ।

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की

धरहरा/सहिद गेटले काठमाण्डौ, Statue of Liberty ले New York, सहिद स्मारक पार्कले हेटौंडाको चिनारी प्रदान गरे जस्तै गरी पोखरालाई झल्काउने विशेष/मौलिक पहिचान दिने चिनारी स्थापना गर्ने ।

## ३। प्रस्तावदाताले गनुपर्ने कार्यविवरण

क) 3D स्वरुप Design गरी सोको Animation समेत गर्नुपर्ने ।

ख) तयार गरिने डिजाइनले पोखराको मौलिक पहिचान झल्काउने खालको हुनुपर्ने ।

ग) Design / Drawing अनुसार तयार गरिने संरचना कार्यन्वयन योग्य हुनुपर्ने । साथै पोखरा महानगरपालिका भित्रका पार्क / खुला स्थानमा जडान गर्न सकिने प्रकृतिको हुनपर्ने ।

घ) पेश गर्ने प्रस्तावकले उक्त Monument निर्माण हुने ३ (तीन) वटा वैकल्पीक स्थानहरु समेत प्रस्ताव गर्न सक्नेछ ।

ङ) छनोट भएको Design / Drawing / Monument पोखरा महानगरपालिकाको बौद्धिक सम्पत्तिको रुपमा रहनेछ ।

च) पोखरा महानगरपालिकाको बौद्धिक सम्पत्तिको रुपमा रहेको Design / Drawing / Monument अन्यत्र प्रयोग गर्न पाइनेछैन ।

## ४। प्रस्ताव पेश गर्ने विधि / समय

क) प्रस्ताव पेश गर्ने अवधि सुचना प्रकाशन भएको मितिले २ महिनाको हुनेछ ।

ख) निर्धारित समय सिमा भित्र कार्यालयमा दर्ता भएका प्रस्तावलाई मात्र आधिकारीक मानी मूल्याङकन गरिनेछ ।

ग) वुँदा नं ५ बमोजिम छनोट भएका Design / Drawing को DPR तयार गरी भविष्यमा निर्माण कार्य अगाडी बढाइनेछ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

## ५। प्रस्ताव छनोट गर्ने विधि तथा पुरस्कारको व्यवस्था

क) पोखरा महानगरपालिकामा दर्ता/ पेश भएका प्रस्तावित Design / Drawing छनौटका लागि एक प्राविधिक समिति गठन गरिने छ ।

ख) प्राविधिक समितिले छनौटका आधार तयार गरी नगर प्रमुखबाट स्वकित गराई सो बमोजिम मूल्याङकन गरिनेछ ।

## ६। अन्य शर्तहरु

१. '3D' Design/Drawing मा प्रयोग भएका संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ र सो '3D' Design/Drawing को विशेष नामाकरण समेत गरिएको हुनुपर्नेछ ।

२. '3D' Design/Drawing मा कुनै पनि जातिय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकतामा आँच आउन सक्ने चिन्ह प्रयोग गर्न पाईने छैन ।

३. '3D' स्वरुप Design गरी सोको Animation समेत पेश गर्नुपर्नेछ ।

४. छनौट भएको Design/Drawing/Monument पोखरा महानगरपालिकाको बौद्धिक सम्पत्तिको रुपमा रहनेछ । सो Design/Drawing/Monument अन्यत्र प्रयोग गर्न पाईनेछैन ।

५. निर्धारित समय सीमाभित्र कार्यालयमा दर्ता भएका प्रस्तावलाई मात्र प्राविधिक मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरिनेछ ।

६. छनौट भएका Design/Drawing को DPR तयार गरी भविष्यमा निर्माण कार्य अगाडी बढाईनेछ ।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की